**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ दिसम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी र रुसका राष्ट्रपति भ्लादिमिर पुतिनबीच भएको भेटवार्तापछि रक्षा, व्यापार, अर्थव्यवस्था, स्वास्थ्य, शिक्षा, संस्कृति र सञ्चारका क्षेत्रमा थुप्रै सम्झौतामा हस्ताक्षर भएको छ।

- प्रधानमन्त्रीले युक्रेनको मुद्दामा भारत शान्तिको पक्षमा रहेर सदैव योगदान गर्न तयार रहने बताउनु भएको छ।

- नागरिक उड्डयन मन्त्री राममोहन नायडुले इन्डिगोको उडान रद्द र ढिलाइका कारण उत्पन्न भएको अभूतपूर्व परिस्थितिमा नागरिक उड्डयन मन्त्रालयको नियन्त्रण कक्षमा निरन्तर निगरानी गर्न आदेश दिनुभएको छ।

- मुख्य निर्वाचन अधिकारी पश्चिम बंगालको कार्यालयद्वारा एसआईआर प्रक्रियामा तैनाथ बीएलओहरूलाई डेटा अपलोड गर्नमा गल्ति गरे चेताउनी दिइएको छ|

- दार्जिलिङ हिमालयन रेलवे (डीएचआर) ले आज आफ्नो २६ औं वार्षिकोत्सवको अवसरमा पहिलो पटक "आयरन शेरपा हेरिटेज रन" को आयोजन गरेको छ |

**प्रधानमंत्री-पुतिन संयुक्त वक्तव्य**

भारत र रूसबीच रक्षा, व्यापार, अर्थव्यवस्था, स्वास्थ्य सेवा, शिक्षा, संस्कृति र मिडियाका क्षेत्रमा थुप्रै सम्झौताहरूमा हस्ताक्षर भएका छन्। नयाँ दिल्लीमा २३ औं भारत-रुस वार्षिक शिखर सम्मेलनको अवसरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधान मन्त्री नरेन्द्र मोदीले विश्वास व्यक्त गर्नुभयो कि भारत-रूस मित्रताले विश्वव्यापी चुनौतीहरूको सामना गर्ने शक्ति प्रदान गर्नेछ र यो विश्वासले दुई देशहरूको साझा भविष्य सुनिश्चित गर्नेछ। उहाँले भन्नुभयो, आतङ्कवादविरुद्धको लडाइँमा भारत र रुस काँधमा काँध मिलाएर उभिएका छन्। उहाँले आतङ्कवाद मानवताको मूल्यहरूमाथिको प्रत्यक्ष आक्रमण हो भन्ने भारतको अटल विश्वासलाई दोहोर्याउनु भयो र भन्नुभयो, विश्वव्यापी एकता आतङ्कवादको बिरूद्ध सबैभन्दा ठूलो शक्ति हो।

युक्रेनको विषयमा प्रधान मन्त्रीले भन्नुभयो कि भारत सुरुदेखि नै युक्रेनको मुद्दामा शान्तिको पक्षमा छ। उहाँले यस मुद्दाको शान्तिपूर्ण र दिगो समाधानका लागि गरिएका सबै प्रयासहरूको स्वागत गर्नुभयो। उहाँले योगदान गर्न भारत सधै तयार रहेको बताउनु भयो ।

प्रधान मन्त्रीले भन्नुभयो, दुवै पक्ष युरेसियन इकोनोमिक युनियनसँग स्वतन्त्र व्यापार सम्झौताको शीघ्र निष्कर्षको दिशामा काम गरिरहेका छन्। श्री मोदीले घोषणा गर्नुभयो कि भारतले चाँडै रूसी नागरिकहरूका लागि ३० दिनको नि:शुल्क ई-पर्यटक भिसा र ३० दिने समूह पर्यटक भिसा सुरु गर्नेछ।

प्रधान मन्त्रीले भन्नुभयो, दुवै देशहरूले ध्रुवीय जलक्षेत्रमा भारतीय नाविकहरूको प्रशिक्षणमा सहकार्य गर्नेछन्। उहाँले भन्नु भयो , 'यसले आर्कटिक क्षेत्रमा सहयोग मात्र बढाउँदैन, भारतका युवाहरुका लागि रोजगारीका नयाँ अवसरहरु पनि सिर्जना गर्नेछ। श्री मोदीले भन्नुभयो, ऊर्जा सुरक्षा भारत-रूस साझेदारीको एक बलियो र महत्त्वपूर्ण स्तम्भ रहेको छ। उहाँले भन्नुभयो कि नागरिक परमाणु ऊर्जाको क्षेत्रमा दशकौंको सहयोगले स्वच्छ ऊर्जाको साझा प्राथमिकताहरू साकार पार्न महत्वपूर्ण भूमिका खेलेको छ।

श्री मोदीले भन्नुभयो, राष्ट्रपति पुतिनको भ्रमण यस्तो समयमा भएको छ जब द्विपक्षीय सम्बन्धहरूले धैरै ऐतिहासिक माइलस्टोनहरू छुइरहेका छन्। उहाँले भन्नु भयो , 'विगत दस वर्षमा विश्वले धैरै उतारचढाव देखेको छ र यी सबैका बीचमा भारत

र रुसको सम्बन्ध समयको परीक्षामा उभिएको छ। युरिया उत्पादनका क्षेत्रमा दुवै देशले नजिकबाट सहकार्य गर्ने प्रधानमन्त्री ले जानकारी दिए। उहाँले भन्नुभयो, लगभग 25 वर्ष पहिले राष्ट्रपति पुतिनले भारत-रूस रणनीतिक साझेदारीको शिलान्यास गर्नुभएको थियो। प्रधान मन्त्रीले भन्नुभयो, १५ वर्ष पहिले, २०१० मा, साझेदारीलाई एक विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीको स्तरमा उचालिएको थियो।

**नायडू-नागर विमानन**

नागरिक उड्डयन मन्त्री राममोहन नायडुले इन्डिगोको उडान रद्द र ढिलाइका कारण उत्पन्न भएको अभूतपूर्व परिस्थितिमा नागरिक उड्डयन मन्त्रालयको नियन्त्रण कक्षमा निरन्तर निगरानी गर्न आदेश दिएका छन्। श्री नायडूले आज बिहान नियन्त्रण कक्षको भ्रमण गर्नुभयो र सबै सरोकारवालाहरूबीच सहज अन्तर्क्रिया सुनिश्चित गर्न यसको कार्यप्रणालीको समीक्षा गर्नुभयो। विमानस्थल अपरेटरहरू, एयरलाइन्सहरू र एयर ट्राफिक कन्ट्रोलबाट डाटा सङ्कलन गरिएको छ र सबै एयरलाइन्सहरू, विशेष गरी इन्डिगोसँग साझा गरिएको छ। देशभरका सबै विमानस्थलहरूमा सञ्चालनको सामान्य अवस्था पुनर्स्थापना गर्न समयमै सक्रिय कार्य र स्रोतहरूको परिचालनको सुनिश्चित गर्न पनि निर्देशनहरू जारी गरिएको छ।

**राज्यसभा - एमजी नरेगा**

महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी (मनरेगा) योजना अन्तर्गत चालू वित्त वर्षमा अहिलेसम्म राज्य र केन्द्र शासित प्रदेशहरूलाई ६८,३९३ करोड रुपैयाँभन्दा बढी रकम जारी गरिएको छ। यसमा पारिश्रमिकको लागि 57 हजार करोड़ रुपिया र सामग्री तथा प्रशासनको लागि दस हजार करोड़ रुपिया भन्दा अधिक राशि शामेल छन्। ग्रामीण विकास राज्य मंत्री कमलेश पासवानले आज राज्यसभामा यो जानकारी दिनुभयो।उहाँले भन्नु भयो कि यस योजना अन्तर्गत केन्द्र सरकारको प्रत्यक्ष लाभ स्थानान्तरणको माध्यमबाट लाभार्थीहरूलाई सिधै पारिश्रमिक भुक्तानी गरिन्छ।

**बंगालएसआईआर**

मुख्य निर्वाचन अधिकारी पश्चिम बंगालको कार्यालयद्वारा संचालित स्पेशल इंटेंसिव रिभीजन अर्थात एसआईआर प्रक्रियामा तैनाथ बीएलओहरूलाई कड़ा चेताउनी दिइएको छ, मतदाता डेटा अपलोड गर्नमा सुनियोजित गल्ती गरेको भेटिए सम्बन्धित बीएलओमाथि कड़ा अनुशासनात्मक कारबाही गरिनेछ। यस सम्बन्धमा जारी आधिकारिक निर्देश "हिन्दुस्तान समाचार"-सित उपलब्ध छ।निर्देशमा स्पष्ट रूपमा भनिएको छ, मतदाता सूचीसित जोड़िएको हरेक डेटा पूर्ण रूपले सही तथा भरोसायोग्यको हुनुपर्छ।

**बीएलओलाई यो पनि स्मरण गराइएको छ, एसआईआर प्रक्रिया अवधि उनीहरू निर्वाचन आयोगको प्रतिनियुक्तिमा छन्, त्यसैले नियोजित गल्ती वा लापरवाही गरिएको खण्डमा आयोगलाई कारबाही गर्ने पूर्ण अधिकार छ।**

**निर्देशमा भनिएको छ, मृत, अनुपस्थित, स्थानान्तरित वा डुप्लिकेट मतदाताहरूको नाम हटाउनुपर्छ। मुख्य उद्देश्य यो सुनिश्चित गर्नु हो कि कुनै पनि योग्य मतदाता नछुटोस् अनि कुनै पनि अयोग्य मतदाता सामेल नहोस्। यो सन्देश बंगलामा जारी गरिएको थियो।**

**सीईओ कार्यालयको सूत्र अनुसार यो चेताउनी यसकारण जारी गरिएको हो किनभने संशोधन प्रक्रिया अवधि डेटा एन्ट्रीमा केही गड़बड़ी वा अनियमितता भएको भेटिएको छ। एक जना वरिष्ठ अधिकारी अनुसार आयोगले शुरूमै कारबाही गर्नको सट्टा बीएलओलाई आफ्नो गल्ती सुधार्ने अवसर दिनको लागि यो चेताउनी पठाएको हो। एसआईआरको तीन चरणको प्रक्रिया गत 4 नोभेम्बरदेखि शुरू भएको थियो भने पहिलो चरण आगामी 16 दिसम्बरमा ड्राफ्ट मतदाता सूचीको प्रकाशनसितै पूरा हुनेछ। त्यसपछि नोटिस चरण हुनेछ जसमा ड्राफ्ट सूचीमा आपत्ति तथा दाबीहरूको सुनवाई, जाँच एवं समाधान सामेल रहनेछ। यो प्रक्रिया आगामी 16 दिसम्बरदेखि 7 फरवरी, 2026-सम्म जारी रहनेछ।**

**"आयरन शेरपा हेरिटेज रन"**

सन् १९९९ देखि युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत दार्जिलिङ हिमालयन रेलवे (डीएचआर) ले आज आफ्नो २६ औं वार्षिकोत्सव मनाएको छ जसले स्थानीय समुदाय, खेलाडी, सम्पदा प्रेमीहरू र संस्कृतिप्रेमीहरूलाई एकै ठाउँमा ल्याएको छ यस विशेष दिनलाई मनाउनका लागि, डीएचआरले पहिलो पटक "आयरन शेरपा हेरिटेज रन" को आयोजन गरेको थियो , जो विशेष रूपले स्थानीय निवासिहरुको लागि एक अनौठो पहल हो ।यस कार्यक्रममा लगभग 200 धावकहरुको उत्साहपूर्ण भागीदारी देखिएको थियो , जसले पहाडी समुदायसँगको सम्बन्धलाई अझ प्रगाढ बनाउने डीएचआरको प्रयासमा नयाँ अध्याय सुरु गरेको थियो |यो दौड़ प्रतिष्ठित दार्जिलिंग चौरास्तादेखि शुरू भएको थियो र भारतको सबैभन्दा उच्च रेलवे स्टेशन घूममा समाप्त भएको थियो , जो धर्य, सम्पदा र ऐतिहासिक माउन्टेन रेलवे बीचको गहिरो सम्बन्धको प्रतीक हो। यस कार्यक्रमको अपार सफलतापछि उत्साहित, डीएचआरले घोषणा गरेको छ कि आयरन शेरपा हेरिटेज रन अब एक वार्षिक कार्यक्रम हुनेछ , जो हरएक बर्ष 5 दिसंबर को दिन आयोजना गरिनेछ।यस अवसरमा दार्जीलिङ हिमालयन रेलवेका निर्देशकले सबै सहभागीहरूप्रति कृतज्ञता व्यक्त गर्दै दार्जीलिङ हिमालयन रेलवेले सम्पदा संरक्षणका साथै दार्जिलिङ रेलवेलाई विशेष बनाउने मानिसहरूसँग अर्थपूर्ण रूपमा संलग्न हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**दीपक पोख्रेल बने शहिद**

कालेबुङ ४२ नम्बर समष्टि अन्तर्गत कफेर-काङ्केबुङ ग्राम पञ्चायत स्थित रेली-मुन्थुम खोलाटार निवासी एवंम भारतीय सेनाको 3 MECH INF (1/8 गोर्खा रेजिमेन्ट) मा कार्यरत नायक दीपक पोख्रेल राजस्थानको श्री गंगनगरस्थित क्याम्पमा सैनिक अभ्यास (Routine Exercise) को क्रममा भएको दुर्भाग्यपूर्ण दुर्घटनामा परि शहिद बनेका थिए।सेनामा अनुशासन, कर्तव्यनिष्ठा र साहसका लागि परिचित नायक दिवस पोख्रेलको निधनले सम्पूर्ण कालेबुङ क्षेत्र,विशेष गरी ४२ नम्बर समष्टिको रेली मुन्थुम खोलाटार शोकमा डुबेका छन्। उनको पिता मदन कुमार पोख्रेल र आमा मन कुमारी पोख्रेल सहित परिवारजन, स्थानीय जनता र समाजसेवीहरूले घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन्।शहिद नायक पोख्रेलको पार्थिव शरीर बिहीबार रातीनै उनकै निजी वासस्थान कालेबुङ रेली मुन्थुम खोलाटार ल्याइएको थियो भने आज शुक्रबार पूर्ण सैनिक सम्मानको साथमा रेली खोलामा शहिदको अन्तिम संस्कार गरिएको छ।

**जे.जयललिता श्रद्धांजलि**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले तमिलनाडुकी पूर्व मुख्यमन्त्री जे जयललितालाई उहाँको पुण्यतिथिमा सम्झना गरेकी छन् । शुक्रबार ममता बनर्जीले सामाजिक सञ्जाल एक्समा लेखेकी थिइन् कि उनले तमिलनाडुकी पूर्व मुख्यमन्त्री जे जयललितालाई उहाँको पुण्यतिथिमा सम्झिरहेकी छन् । यो छोटो सन्देशमार्फत ममता बनर्जीले दिवंगत नेताप्रति श्रद्धाञ्जली व्यक्त गरेकी छन्।जयललिता दक्षिण भारतको सबैभन्दा प्रभावशाली राजनीतिक व्यक्तिमध्ये एक थिइन् । सिनेमाबाट आफ्नो करियर सुरु गरेकी जयललिता पछि राजनीतिमा प्रवेश गरिन् र एआईएडीएमकेकी प्रमुख नेता बनिन्। उहाँले तमिलनाडुको मुख्यमन्त्रीको रूपमा धेरै कार्यभारहरू सम्हालिन् र राज्यको राजनीतिमा बलियो पकड स्थापित गरिन्।

**अरविंद घोष पुण्यतिथि**

पश्चिम बंगाल की मुख्यमंत्री ममता बनर्जीले आज महान योगी, दार्शनिक र स्वतंत्रता सेनानी अरविंद घोषको पुण्यतिथिमा उहाँलाई नमन गर्नु भएको छ ।मुख्यमंत्रीले सोशल मीडिया प्लेटफ़ॉर्म एक्समा संदेश साझा गर्नुहुदै भन्नुभयो कि अरविंद भारतको स्वतंत्रता संग्राम र आध्यात्मिक इतिहासको एक अविस्मरणीय र प्रेरणादायी व्यक्तित्व थिए । उहाँले भन्नु भयो , 'अरविन्दको जीवन, विचार र अमूल्य शिक्षाले आज पनि सबैलाई मार्गदर्शन र प्रेरणा दिइरहेको छ । ममता बनर्जीले उहाँको पुण्यतिथिमा श्रद्धाञ्जली अर्पित गर्नुभयो ।

**निम्न गुणस्तरीय राशन आपूर्ति गरेको आरोप, उपभोक्ताहरूमा आक्रोश**

जलपाइगढी, जिल्लाको राजगञ्ज ब्लक अन्तर्गत आमबाड़ी महामाया कलोनीमा निम्न स्तरको राशन सामग्री वितर गरेको सन्दर्भमा स्थानीय मानिसहरूले असन्तुष्टि व्यक्त गरेका छन्। उपभोक्ताहरूको आरोप छ, द्वारे राशन अन्तर्गत पाइने चामल

कीरासरिको हुन्छ, आटा खाने योग्यको हुँदैन। प्राप्त जानकारी अनुसार अन्य दिन सरह आज पनि बिन्नागुड़ी ग्राम पञ्चायतको 9 नम्बर कलोनीका राशन डिलर उत्तम कुमार विश्वास आमबाड़ी महामाया कलोनीमा राशन वितरण गर्नका लागि पुगेका थिए। तर उपभोक्ताहरूले गुनासो गरेकि , उनीहरूलाई दिइने चामलमा कीरा हिँड़िरहेको थियो साथै आटाबाट तीव्र दुर्गन्ध आइरहेको कारणले खाने योग्यको थिएन। स्थानीय मानिसहरूले बताए अनुसार यो समस्या नयाँ होइन, पछिल्लो लामो समयदेखिकै यस्तै चामल र आटा दिँदै आइरहेको छ। खराब चामल र आटा खानाले धेरैजना मानिसहरूको पेट बिग्रिरहेको छ। उपभोक्ताहरूको भनाइ छ, उनीहरूले धेरैपटक डीलरलाई गुनासो गरिसकेको भए पनि स्थितिमा सुधार आएको छैन। यस आरोपमाथि प्रतिक्रिया व्यक्त गर्दै राशन डिलर उत्तम कुमार विश्वासले स्वीकार गरेकि , चामल र आटा निम्नस्तरको रहेको छ। उनले भने, हामीलाई जुन चामल-आटा दिइन्छ, त्यसैलाई वितरण गर्दछौं। उपभोक्ताहरूको गुनासोलाई हामी उच्चाधिकारीहरू समक्ष पुऱ्याउनेछौं।

**नवौँ वार्षिक खेलकुद कार्यक्रम**

कालेबुङ जिल्ला पुलिसको आयोजनामा नवौँ वार्षिक खेलकुद कार्यक्रम आज मेला ग्राउण्डमा विविध कार्यक्रमसहित भव्य रूपमा आरम्भ गरिएको छ। दुई दिवसीय रूपमा सञ्चालन हुने यस खेलकुद कार्यक्रममा हाइजम लङ्गजम रेससहित विभिन्न खेलकुद विधाहरू समावेश गरिएको छ।उद्घाटन समारोहलाई सम्बोधन गर्दै जिल्ला पुलिस अध्यक्ष श्री हरि पाण्डेले पुलिस सेवामा शारीरिक फिटनेस अत्यन्त महत्वपूर्ण हुने भएकाले यस प्रकारका खेलकुद गतिविधिले स्वास्थ्य–सुरक्षा तथा सेवाको गुणस्तर उकास्न मद्दत गर्ने बताउनु भयो। उहाँले नियमित रूपमा खेलकुदमा सहभागिता जनाउन पुलिस परिवारलाई प्रेरित गर्दै कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकतामा जोड़ दिनु भयो।

**जर्सी गाई वितरण**

खरसाङ खण्ड पञ्चायत समिति अनि खण्ड प्राणी सम्पदा विकास कार्यालयको मुख्य पहलमा खरसाङ खण्डको 6 वटा ग्राम पञ्चायत क्षेत्रका पशु पालन गर्ने लाभार्थीहरुलाई उन्नत प्रजातिका जर्सी गाई वितरण गरिएको छ।

**मादक पदार्थको तस्करीको आरोपमा एक पक्राउ**

खोरीबाड़ीको पानीटंकी फ्लाइओवर क्षेत्रमा मादक पदार्थको तस्करीको आरोपमा तृणमूल कांग्रेस छात्र नेता सुरजीत साहालाई सशस्त्र सीमा बल (एसएसबी) ले पक्राउ गरेको छ।